नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाई
बर्दिया
(कार्यक्षेत्रः बर्दिया र बाँके)

फोन न ०८४- ४६०१४९, ०८४-४२०१०७
इमेलः pmamp.piu.bardiya@gmail.com
वेबसाइटः www.piubardiya.pmamp.gov.np

प.स. २०८२/०८३
च.न.

## न्युनतम समर्थन मुल्यमा धान खरिदका लागि सहकारी संस्था सूचिकृत हुने सम्बन्धि सूचना

सूचना नं ६

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०४/३०

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाई, बर्दिया अन्तर्गतको कार्यक्षेत्र बर्दिया र बाँके जिल्लामा "न्युनतम समर्थन मुल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका-२०७७" बमोजिम धान खरिद गर्न इच्छुक सहकारी संस्थाहरुले तपसिल बमोजिका कागजात तथा विवरणहरु सहित सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र अर्थात २०८२/०५/१३ गते सम्म कार्यालय समय भित्र कार्यक्रम कार्यान्वयन एकाइ, बर्दियामा सूचिकृत गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

<u>सूची दर्ता गर्दा पेश गर्नुपर्ने कागजात तथा विवरणहरु:</u>

- सूची दर्ता गरि पाउँ भनी रु. १० को टिकट टाँस गरेको निवेदन
- संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि र संस्थाको स्थायी लेखा नं दर्ता प्रमाणपत्रको प्रतिलिपि
- आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- सहकारी संस्थाको सेयर पूँजी र सहकारी संस्थाको कार्यक्षेत्र
- खरिद गर्न चाहेको धानको परिमाण र किसिम
- धान खरिद गर्न चाहेको स्थानिय तह र वडा समेत खुल्ने गरि इच्छुक क्षेत्र
- धान खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको स्रोत
- खरिद गरेको धान भण्डारण तथा व्यवस्थापन सम्वन्धी विवरण
- धान खरिद, ढुवानी, भण्डारण, प्रशोधन एवं बजार व्यवस्थापन सम्वन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्वन्धी विवरण
- धान खरिद, बिक्रीको लागि आवश्यक पर्ने अन्य विवरण

नोटः धानको भण्डारण सुरक्षा र प्याकेजिङ्ग लगायतका खर्च व्यवस्थापनका लागी प्रति क्विन्टल रु. ११२/- (एक सय बाह्र मात्र) रुपैंयाको दरले खरिद गरेको धानको परिमाण बमोजिम हुन आउने अनुदान रकम कार्यालयले सहकारी संस्थालाइ उपलब्ध गराउने छ ।

वीरेन्द्रराज पराजुली
वरिष्ठ कृषि अधिकृत

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरण"
"साबिकको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, बर्दिया"